 प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती

# विश्वविद्यालय पद्धतिमा बहुलताको खोजी

**परिवर्तित संवैधानिक सन्दर्भ एवं नेपालको सामाजिक संरचनाको वैशिष्ट्यलाई केन्द्रमा राख्ने हो भने उच्च शिक्षामा बहुलता अनिवार्य छ। यस्तो बहुलता हाम्रो मुलुकको विविधतालाई उपयोगी र मुलुकलाई आवश्यक आलोचनात्मक चेतयुक्त र जीवनोपयोगी सीप र क्षमतायुक्त नागरिक तयार गर्न सक्षम हुनै पर्छ।**

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको उच्च शिक्षाको क्षेत्रमा उल्लेख्य विस्तार भएको छ। २०४६ सालअघि नेपालमा दुई वटा विश्वविद्यालय र पुगनपुग दुई सय क्याम्पस सञ्चालनमा थिए भने २०७२ सालसम्म आइपुग्दा नौवटा विश्वविद्यालय र एक हजार ३६८ कलेज सञ्चालनमा छन्। मुलुकका सबैजसो जिल्लामा क्याम्पस स्थापना भइसकेकाले 'दुर्गम' भन्ने गरिएका क्षेत्रका विद्यार्थीले पनि आफ्नै थातथलोमा उच्च शिक्षा आर्जन गर्ने अवसर जुटेको छ। उच्च शिक्षामा आएको यो परिवर्तनका केही पक्षबारे *शिक्षक* का गतांकहरूमा पनि चर्चा गरिसकिएको छ।

संविधानसभामार्फत निर्मित नयाँ संविधानले नेपाललाई पुरानो एकात्मक प्रणालीबाट प्रादेशिक संरचनामा लगेको छ, भलै सीमांकनसम्बन्धी केही असन्तुष्टि अझै बाँकी छन्। उच्च या विश्वविद्यालय शिक्षाबारे नयाँ संविधानमा पनि केही कुरा परेकाले त्यसले आउने दिनमा उच्च शिक्षालाई मार्गनिर्देश गर्न सक्छ। त्यसबाहेक, सरकारी र गैरसरकारी क्षेत्रबाट थप विश्वविद्यालय खोल्ने प्रयत्न, माग भइरहेका छन्। केही विश्वविद्यालय स्थापना गर्नका लागि विधेयक समेत तयार छन्। अर्कोतर्फ, सरकारका तर्फबाट उच्च शिक्षा आयोग गठन गर्ने चर्चा पनि छँदैछ। तसर्थ, यो आलेखमा परिवर्तित संवैधानिक व्यवस्थालाई केलाउँदै आउँदा दिनमा नेपालले विश्वविद्यालय शिक्षाबारे अँगाल्नुपर्ने नीतिबारे केही अवधारणा सार्वजनिक बहसका लागि पेश गरिएको छ।

## संवैधानिक व्यवस्था र प्रादेशिक सन्तुलन

नेपालको नयाँ संविधानले केन्द्रीय र प्रादेशिक विश्वविद्यालयको परिकल्पना गरेको छ। र, विश्वविद्यालयको मापदण्ड (बनाउने?) र नियमन गर्ने दायित्व केन्द्रलाई दिएको छ। यो अधिकार के-कसरी व्यवहृत हुन्छ भन्ने प्रष्ट नभए पनि प्रयोग गर्दै र व्याख्या-व्यवहार हुँदै जाँदा त्यसमा प्रष्टता आउँदै जाला भन्ने ठानिएको छ। संघीयतासम्बन्धी विवाद चल्दै गर्दा मुलुकको सबैभन्दा पुरानो र विशाल त्रिभुवन विश्वविद्यालय (त्रिवि) लाई केन्द्रीय विश्वविद्यालय बनाउनुपर्ने माग उठेको थियो। र, त्रिवि स्वयंले सो प्रयोजनका लागि २०६८ सालमा एउटा ठूलै समिति गठन गरी 'अवधारणा पत्र' समेत तयार गरेको थियो। (तर अन्तरवस्तुका हिसाबले नेपालको उच्च शिक्षाको क्षेत्रमा लेखिएका डकुमेन्टमध्ये त्यति खराब शायदै अन्य कुनै डकुमेन्ट होला।) प्रश्न उठाउन सकिन्छ : त्रिविलाई त केन्द्रीय विश्वविद्यालय बनाउने, बाँकी आठ वटा विश्वविद्यालयलाई के गर्ने? अनि अन्य चार वटा डिग्री प्रदान गर्ने चिकित्सा क्षेत्रका संस्थालाई?

यहाँनेर विचार गर्नुपर्ने कुरा के छ भने नौ वटा विश्वविद्यालयमध्ये सातले मुलुकभरका विभिन्न कलेजलाई सम्बन्धन दिएका छन्। बाँकी दुई वटा सुदूरपश्चिम र मध्यपश्चिम विश्वविद्यालयले अझैसम्म त्यो बाटो पछ्याइसकेका छैनन्। तसर्थ, सम्बन्धनलाई मात्र आधार मान्ने हो भने सात वटै केन्द्रीय विश्वविद्यालय हुन् भन्न सकिन्छ। तर, केहीलाई छाडेर बाँकीलाई प्रादेशिक विश्वविद्यालय बनाउन सकिन्छ अथवा ती विश्वविद्यालयलाई रोज्ने अवसर पनि दिन सकिएला। काठमाण्डू विश्वविद्यालयको हकमा उसलाई गैरसरकारी केन्द्रीय विश्वविद्यालय तुल्याउन सकिन्छ। गैरसरकारी विश्वविद्यालय सञ्चालनका लागि सरकारी सहयोग नदिने तर अनुसन्धानका लागि उपलब्ध हुने 'फण्ड' मा भने अन्य विश्वविद्यालयसरह नै सहभागी हुनसक्ने व्यवस्था गर्न सकिन्छ।

भविष्यको कुरा गर्दा, उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीको संख्या वर्षेनि बढ्दै गएकाले नयाँनयाँ विश्वविद्यालय स्थापना गरिनु स्वाभाविक र वाञ्छनीय हुन्छ। यस्ता विश्वविद्यालय केन्द्रीय र प्रादेशिक सरकारले आवश्यक ठानेका र स्थानीयले मागेका ठाउँमा स्थापना हुन सक्छन्। कम्तीमा एउटा प्रदेशमा एउटा केन्द्रीय या क्षेत्रीय विश्वविद्यालय हुनु प्रादेशिक न्यायका हिसाबले जरूरी देखिन्छ। यो परिप्रेक्ष्यमा प्रदेश नम्बर २ मा हाल एउटा पनि विश्वविद्यालय नरहेकाले त्यहाँ नयाँ सार्वजनिक विश्वविद्यालय स्थापना गर्नु न्यायसंगत हुन्छ (अन्य प्रदेशमा कम्तीमा एउटा विश्वविद्यालय पर्छन्)। यसबाहेक, आउँदा दिनमा केन्द्रबाट भन्दा पनि प्रादेशिक कानूनमार्फत विश्वविद्यालय स्थापना गर्नु उपयुक्त हुन्छ। तर, ध्यान दिनुपर्ने कुरा के भने यस्ता विश्वविद्यालय हालको जस्तै त्रिवि मार्काका या सम्बन्धन मात्र प्रदान गर्ने विश्वविद्यालय हुनुहुँदैन। प्रादेशिक तहमै कानूनतः सार्वजनिक, निजी र गैरनाफामूलक विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गर्न सकिन्छ। तर, विश्वविद्यालयलाई पैसा छाप्ने उद्योगको रूपमा विकास हुनबाट रोक्नु जरूरी हुन्छ। खासगरी अहिलेको जस्तो सम्बन्धनमार्फत जुन व्यापार विश्वविद्यालयहरूले गरिरहेका छन् त्यो पटक्कै वाञ्छनीय छैन।

## खाँचो बहुलताको

नेपाल सामाजिक विविधताले भरिपूर्ण देश हो भन्नु 'क्लिशे'

भइसकेको छ। तर पञ्चायतकालदेखि नै रटान लगाइँदै आइए पनि अझै व्यवहारमै बहुलता र विविधता देखाउने, रुल्काउने काम खासै हुनसकेको छैन। नेपालको उच्च शिक्षाको क्षेत्रमा या विश्वविद्यालयको सन्दर्भमा बहुलता भनेको के हो भनेर केही बहस-छलफल भएको पाइँदैन। विश्वविद्यालय क्षेत्रमा बहुलताको र विविधताको कुरा गर्दा केही निश्चित 'पारामिटर' को आधारमा त्यो कुरा गर्न सकिन्छ। ती पारामिटरमध्ये विश्वविद्यालयको स्वरुप र आकार (विद्यार्थी संख्याका हिसाबले), पढाइका विषय र तौरतरीका, विश्वविद्यालयको स्वामित्व र लगानीका स्रोत आदिमा अपनाइनसक्ने बहुलता प्रमुख र महत्त्वपूर्ण हुनसक्छन्।

बहुदलीय लोकतन्त्रमा विश्वविद्यालयहरूले नागरिकका विभिन्न अपेक्षा पूरा गर्नुपर्ने हुन्छ। तीमध्ये केही नागरिकका अधिकार र अपेक्षाको रूपमा र केही बजारका एजेन्ट र उपभोक्ताका रूपमा प्रकट हुन्छन्। नागरिकका अधिकार र अपेक्षा सम्बोधन गर्नका लागि विश्वविद्यालयहरू बहुल स्वरुपका हुनु जरूरी छ। नागरिकमा आलोचनात्मक चेत निर्माण गर्ने जिम्मेवारी त विश्वविद्यालयको छँदैछ, बजारलाई आवश्यक सीप प्रदान गर्ने र खास गरेर जीवन जिउनका लागि आवश्यक पर्ने सीप र क्षमता प्रवर्द्धन गर्न विश्वविद्यालय शिक्षाले सक्षम बनाउने अपेक्षा गरिन्छ। विश्वविद्यालयबाट उपाधि लिएर बाहिरिएको कुनै विद्यार्थी बाहिरी समाज या बजारका लागि आवश्यक पर्ने आधारभूत तहको क्षमता र सीप साथै लिएर आएको हुन्छ भन्ने विश्वास गरिन्छ। तसर्थ, समाजलाई चाहिने विभिन्न खाले सीप, दक्षता र चेत भएका नागरिक उत्पादन गर्ने हो भने त्यसका लागि विश्वविद्यालयको स्वरुपमा पनि बहुलता आवश्यक पर्छ।

२०४६ सालपछि नेपालमा बहुविश्वविद्यालयतर्फ जान केही निर्णायक पाइला चालिएका हुन्। केन्द्रीय विधायिकामार्फत नयाँनयाँ कानून बनाएर विश्वविद्यालय, चिकित्सा विज्ञान प्रतिष्ठान एवं विश्वविद्यालय अनुदान आयोग जस्ता संस्था खडा गरिए। यसले हाम्रो विश्वविद्यालय क्षेत्रमा 'रूप' मा केही बहुलता देखाएको पनि छ। तर, दुःखको कुरा के भने ती सबै विश्वविद्यालयबीच 'सार' मा तात्विक भिन्नता देखिन्न। तिनले त्रिविकै गोरेटो पछ्याएकाले ती 'छोटे त्रिवि' जस्ता मात्र देखिन्छन्: तिनले पनि शिक्षण र सम्बन्धनकै मोडल अपनाएका छन्। त्रिविको झैं तिनको आफ्नो आंगिक संरचना सानो छ, र सम्बन्धनमार्फत अर्को बाह्य ठूलो संरचना खडा गरेर मोटाएका छन्। पछिल्लो अवधि (२०६७ साल) मा स्थापना गरिएका सुदूरपश्चिम र मध्यपश्चिम विश्वविद्यालयले शुरूको अवधिमा आन्तरिक संरचना अभिवृद्धिमा ध्यान दिए तापनि पछिल्ला दिनमा तिनले समेत सम्बन्धनको उही राजमार्ग पछ्याउन खोजेको संकेत मिलेको छ।

## बहुलतायुक्त विश्वविद्यालयको स्वरुप

माथि उल्लेख गरिए झैं हामीकहाँ एक ढर्राका मात्र विश्वविद्यालय छन्। सबै विश्वविद्यालयले सबै विधा, विषय पढाउनु पर्ने र त्यसमा पनि अनुसन्धान, अध्यापन र व्यावसायिक डिग्री प्रदान गर्नुपर्ने हालको सोचले केही भ्रम सृजना गरेको देखिन्छ। सामान्य हिसाबले केलाउँदा, तीन थरी: पहिलो अनुसन्धान केन्द्रित (एमफिल र पीएचडी उपाधि प्रदान गर्ने), दोस्रो 'टिचिङ' (या अध्ययन-अध्यापन) केन्द्रित र तेस्रो 'भोकेसनल' (व्यावसायिक या इलमजन्य, जसमा जति वर्षको अध्ययन हुन्छ सोही बमोजिम कलेजको डिग्रीसरहको उपाधि प्रदान गर्ने) विश्वविद्यालय सञ्चालन हुनसक्ने देखिन्छ।

तसर्थ, आउँदा दिनमा केही केन्द्रीय र प्रादेशिक विश्वविद्यालय मूलतः अनुसन्धानमा मात्रै केन्द्रित हुनसक्छन्। र, हाल ती विश्वविद्यालयअन्तर्गत रहेका अनुसन्धान केन्द्रलाई नयाँ स्वरुप दिन सकिन्छ। बहुसंख्यक विश्वविद्यालय टिचिङ विश्वविद्यालयको रूपमा बीए र एमए तहको अध्ययन-अध्यापनमा संलग्न हुनसक्छन्, जसका शिक्षक र विद्यार्थीलाई अनुसन्धानमा संलग्न हुनैपर्ने बाध्यात्मक अवस्था रहन्न। यद्यपि, अनुसन्धानका कोर्स त्यहाँ पढाउन सकिन्छ। व्यावसायिक विश्वविद्यालयका हकमा पनि 'क्रेडिट ट्रान्सफर' हुने व्यवस्था गर्न सकिन्छ ताकि अहिलेको जस्तो व्यावसायिक शिक्षा लिनेका लागि अगाडि अध्ययन गर्ने बाटो नै बन्द हुने अवस्था नहोस्। त्यहाँ अध्ययन गर्ने विद्यार्थीले पनि भविष्यमा उच्च अध्ययन गर्ने चाहना गरे उनीहरूको व्यावहारिक अध्ययनलाई मूल्यांकन गरी प्रवेश परीक्षामार्फत उनीहरूले अन्य विषय पढ्न पाउने व्यवस्था हुनु जरूरी छ।

अमेरिकाको क्यालिफोर्निया राज्यमा प्रचलित तीन विश्वविद्यालयको पद्धति हाम्रो प्रादेशिक संरचनाका लागि पनि उदाहरणीय हुनसक्छ। क्यालिफोर्निया प्रादेशिक विश्वविद्यालय पद्धति भित्र विश्वका राम्रा मानिने अनुसन्धानमूलक विश्वविद्यालय पनि छन् भने त्यहीं क्यालिफोर्निया स्टेट विश्वविद्यालय पनि छ, जुन मूलतः टिचिङ विश्वविद्यालय हो। त्यसबाहेक, सोही विश्वविद्यालय सिस्टमभित्र व्यावसायिक र अन्य खालका शिक्षा प्रदान गर्ने कम्युनिटी कलेजहरू पनि अटाएका छन्। यो उदाहरण जस्तै हाम्रा केही विश्वविद्यालयमा विभिन्न संकायहरू -- विज्ञानप्रविधि (इन्जिनियरिङ र चिकित्सा), समाज विज्ञान, मानविकी, व्यवस्थापन, आदि -- रहलान्। केहीमा भने केही चुनिन्दा संकाय मात्र हुनेछन् : कुनै विज्ञानप्रविधिमा केन्द्रित र केहीमा समाजविज्ञानका विभिन्नि विषय मात्र। यसको उदाहरणका लागि त्रिवि र कृषि तथा पशु विज्ञान विश्वविद्यालयलाई लिन सकिन्छ। अघिल्लोमा धेरै विषय पढाइन्छ भने पछिल्लो केही विशिष्ट विषयमा मात्र केन्द्रित छ।

हामीकहाँ नीतिनिर्माता र अन्यमा देखिएको अर्को भ्रम विश्वविद्यालयको आकार (साइज) बारे पनि हो। विश्वविद्यालयको आकारमा संसारभर विविधता पाइन्छ, र हामीकहाँ पनि त्यस्तो बहुलता आवश्यक छ : कुनै विश्वविद्यालय साना होऊन्, कुनै ठूला। दुई-तीन हजार विद्यार्थी भएका साना विश्वविद्यालयदेखि मध्यमस्तरका ५ देखि १५ हजार विद्यार्थी र तीभन्दा केही ठूला विश्वविद्यालय पनि हामीकहाँ अटाउन सक्छन्। र, यस्ता विश्वविद्यालयको स्थापना र सञ्चालन केन्द्रीय या प्रादेशिक दुवै तहमा हुनसक्छ। तर, विश्वविद्यालय भन्ने बित्तिकै त्यो विशाल हुनुपर्ने र हजारौं विद्यार्थी पढ्नुपर्ने गलत धारणा हामीकहाँ व्यापक छ। त्रिवि र पूर्वाञ्चल जस्ता विश्वविद्यालय कल्पनै गर्न नसकिने गरी अव्यवस्थित छन्, तर तिनका पदाधिकारी 'हामी विश्वका यति ठूला विश्वविद्यालयमा पर्छौं' भनेर गर्व गर्छन्। जबकि साना र मध्यम आकारका, आफ्नो

**२०४६ सालपछि नेपालमा बहुविश्वविद्यालयतर्फ जान केही निर्णायक पाइला चालिएका हुन्। यसले हाम्रो विश्वविद्यालय क्षेत्रमा 'रूप' मा केही बहुलता देखाएको पनि छ। तर, दुःखको कुरा के भने ती सबै विश्वविद्यालयबीच 'सार' मा तात्विक भिन्नता देखिन्न। तिनले त्रिविकै गोरेटो पछ्याएका छन्।**

**विश्वविद्यालय भन्ने वित्तिकै त्यो विशाल हुनुपर्ने र हजारौं विद्यार्थी पढ्नुपर्ने गलत धारणा हामीकहाँ व्याप्त छ। त्रिवि र पूर्वाञ्चल जस्ता विश्वविद्यालय कल्पनै गर्न नसकिने गरी अव्यवस्थित छन्, तर तिनका पदाधिकारी 'हाम्रो विश्वका यति ठूला विश्वविद्यालयमा पर्छौं' भनेर गर्व गर्छन्।**

उत्कृष्ट विशेषता (या कोर स्ट्रेन्थ) र संस्थागत संरचना मजबूत भएका विश्वविद्यालय हाम्रा लागि उपयुक्त हुन्छन्।

### स्वामित्व र लगानीका स्वरुप

विश्वविद्यालयको स्वामित्व र लगानी गर्ने स्रोतहरू विभिन्न हुन सक्छन्। ती सार्वजनिक या सरकारी हुनसक्छन्, ती निजी, गैरनाफामूलक या दानबाट आउन सक्छन्। यस्तो बहुलताले हाम्रो समाजमा रहेको सामाजिक विविधता (वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय, आदि) लाई पनि समेट्न सक्ने थप अवसर दिन्छ, र अहिलेको जस्तो हुनेखानेको मात्र बजारमा बिकाउ भनिएका विषयमा पहुँच हुने अवस्थामा परिवर्तन ल्याउन सकिन्छ। हाम्रा लागि सरकारी-सार्वजनिक र गैरनाफामूलक लगानी र स्वामित्व मुख्य विकल्प हुनसक्छन्। यद्यपि, निजी स्वामित्व र लगानीलाई पनि पूर्ण रूपमा निषेध गर्ने स्थिति छैन (तर यस्ता विश्वविद्यालयलाई सम्बन्धन प्रदान गर्ने सुविधा भने दिइनु हुन्न) किनकि आखिरमा भारतलगायत विभिन्न विदेशी मुलुकमा नेपालीहरू निजी लगानीमा ठूलो पैसा तिरेर पढ्न गइरहेकै छन्। त्यस्तै, अर्को लगानीको बाटो भनेको 'अलुम्नाइ' हरू हुन्। र, खासगरी त्रिविको हकमा यो सम्भव हुनसक्ने बाटो हो।

केन्द्रीय या प्रादेशिक सरकारले विश्वविद्यालय स्थापना गर्ने हो भने त्यसको केन्द्रीय र स्थानीय सरकारमा पर्ने वित्तीय भारबारे प्रष्टता आवश्यक हुन्छ : शुरूमा स्थापनाको लागि आवश्यक पर्ने पूँजीगत लगानी र त्यसपछि आवश्यक पर्ने नियमित खर्च (आम्दानी र तलब आदि खर्चको भिन्नता) र नियमित अन्तरालमा हुने अन्य खर्च (जस्तो, नयाँ भौतिक संरचना निर्माण गर्दा या नयाँ विषय थप्दा, या अनुसन्धान केन्द्रहरू थप्दा कहाँबाट लगानी जुटाउने प्रष्ट हुनुपर्छ)। सरकारले यसअघि विश्वविद्यालयहरू स्थापना गर्न लिएको निम्न माध्यमिक विद्यालय स्थापना गर्दाको जस्तो वर्षेनि एकएक कक्षा थप्दै जाने बाटो काम लाग्दैन। पूर्व तयारी गरी राम्रो जग नहाल्ने र सोका लागि आवश्यक रकमको जोहो नगरी प्रारम्भ गर्ने हो भने त्यस्तो विश्वविद्यालयले गति लिनै सक्दैन। चाहे त्यो पूर्वाञ्चल होस् या लुम्बिनी बौद्ध या मध्यपश्चिम विश्वविद्यालय- नेपाल सरकारको पूर्वतयारी ज्यादै निम्छरो भएकाले तिनले गतिलो शुरुआत पाएनन् र त्यसैले तिनको हालको अवस्था पनि राम्रो छैन।

परिवर्तित सन्दर्भमा अब प्रदेशहरूमा सम्बन्धित प्रदेशसभाले बनाउने कानून मातहत रही विश्वविद्यालय स्थापना हुनसक्ने अवस्था निर्माण भएको छ जसले विश्वविद्यालयको स्वरुपमा बहुलता ल्याउने छ। आफ्नो प्रदेशलाई उच्च शिक्षाको महत्त्वपूर्ण स्थल बनाउन प्रदेशका कार्यकारीले विभिन्न खाले लगानीको खोजी गर्न सक्छन्। र, भोलिका दिनमा शिक्षामा लगानी गर्न चाहने सम्भावित लगानीकर्ताहरूले राज्य या प्रदेशका कार्यकारीहरूसँग नाफामूलक र गैर नाफामूलक शैक्षिक संस्था या विश्वविद्यालय स्थापना गर्दा राज्यले प्रदान गर्ने सुविधाहरूबारे वार्ता (नेगोसिएसन) गर्नेछन्। जसमध्ये प्रदेशका तर्फबाट विश्वविद्यालयका लागि आवश्यक जमीन उपलब्ध गराउने तथा अनुदान र अन्य सहयोग प्रदान गर्ने हुनसक्छ भने विश्वविद्यालयका तर्फबाट प्रदेशभित्रका विद्यार्थीका लागि शिक्षण शुल्कमा विभिन्न खाले छूट या स्कलरशिप या फेलोशिपको व्यवस्था हुनसक्छ। केन्द्रीय सरकारले बनाउने मापदण्ड या कानूनी परिधिभित्र रही यी सबै कार्य हुनुपर्ने भए पनि प्रदेशले आफ्नो क्षेत्रको शैक्षिक श्रीवृद्धिका लागि उठाउने कदमलाई केन्द्रबाट अनावश्यक अड्चन नहोला भन्ने आशा गर्न सकिन्छ।

प्रादेशिक विश्वविद्यालयमा प्रदेशभित्रका, प्रदेश बाहिरका (र गुणस्तरीय शिक्षा प्रदान गर्ने हो भने अन्तर्राष्ट्रिय) विद्यार्थीका लागि भिन्नाभिन्नै शुल्क तिर्नुपर्ने व्यवस्था गर्न सकिन्छ। प्रदेशले निजी लगानीकर्ताहरू -- जो आफ्नो इलाकामा विश्वविद्यालय स्थापना गर्न चाहन्छन् -- सँग आफ्ना क्षेत्रका स्थायी बासिन्दा या मतदातालाई बढी सुविधा दिने गरी सम्झौता गर्न सक्छन्। जसको मतलब हो स्थायी बासस्थानको हिसाबले कुनै निश्चित प्रदेशभित्रका बासिन्दाले आफ्नो प्रदेश अन्तर्गतको विश्वविद्यालयमा पाउने सुविधा अन्य प्रदेशका विद्यार्थीको भन्दा बढी हुनसक्छ। उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा एउटा प्रदेशका विद्यार्थीले आफ्नो प्रदेशका सार्वजनिक विश्वविद्यालयमा थोरै र बाहिरी प्रदेशमा अलि धेरै शुल्क तिर्नुपर्ने व्यवस्था छ। त्यस्तै, बेलायतमा बेलायत र युरोपियन युनियनभित्रका तथा अन्यत्र विश्वका विद्यार्थीलाई लिइने शुल्कमा भिन्नता छ। यस्तो व्यवस्थालाई हामीकहाँ चाहिं थोरै परिवर्तन गरी ऐतिहासिक रूपले पछाडि परेका र विपन्न वर्गका प्रतिभाशाली विद्यार्थीको गुणस्तरीय उच्च शिक्षामा पहुँच बढाउन उपयोग गर्न सकिन्छ।

### निचोड

विश्वविद्यालय भनेका ज्ञान उत्पादन/पुनरुत्पादन, उत्पादित ज्ञानउपर आलोचनात्मक बहस र समाजसम्म त्यस्तो ज्ञानको हस्तान्तरण गर्ने सामाजिक संस्था हुन्। भविष्यको पुस्ता तयार गर्ने दायित्व पनि विश्वविद्यालयकै सम्झिइन्छ। त्यसैले विश्वविद्यालयका निश्चित बौद्धिक र सामाजिक उत्तरदायित्व हुन्छन्। परिवर्तित संवैधानिक सन्दर्भ एवं नेपालको सामाजिक संरचनाको वैशिष्ट्यलाई केन्द्रमा राख्ने हो र नेपालको विश्वविद्यालय शिक्षाको समुन्नत भविष्य निर्माण गर्ने हो भने उच्च शिक्षामा बहुलता अनिवार्य छ। उच्च शिक्षामा अपनाइने यस्तो बहुलता हाम्रो मुलुकको विविधतालाई उपयोगी र मुलुकलाई आवश्यक आलोचनात्मक चेतयुक्त र जीवनोपयोगी सीप र क्षमतायुक्त नागरिक तयार गर्न सक्षम हुनै पर्छ। यो प्रस्तावना नै अन्तिम सत्य होइन, आउँदा दिनमा अरूहरूले पनि यो प्रस्तावनामाथि टीकाटिप्पणी गर्नुहुनेछ, र बहसलाई अगाडि बढाउनुहुनेछ भन्ने विश्वास लिइएको छ।

(लेखकहरू मार्टिन चौतारीका अनुसन्धाता हुन्।)

